नौमुले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमुले, बैलेख
कर्णाली प्रदेश, नेपाल

## सेवा करारमा जनशक्ति पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति :२०८०।०१।२१

नौमुले गाउँपालिकामा सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (SusWA) कार्यक्रम संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८०/०२/०४) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्न हुन सूचित गरिन्छ ।

तपसिल:

१. पद तथा आवश्यक न्यूनतम योग्यता र अनुभव सम्बन्धी विवरण

क) खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (विज्ञापन नं. SusWA-०१/२०८०/८१, आवश्यक संख्या:- १(एक))

- कम्तीमा स्नातक तह (सिभिल इन्जिनियरिङ, ग्रामिण विकास, समाजशास्त्र, व्यवस्थापन वा सो सरह ) उत्तिर्ण गरि कम्तीमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र व्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने (सो ५ बर्ष मध्ये कम्तीमा ३ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य गरेको हुनु पर्ने) ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको
- आधारभुत कम्पुटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको
- अंग्रेजी र नेपालीमा प्रतिवेदन तयारीमा दक्षता भएको ।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।

ख) प्राविधिक सहजकर्ता (विज्ञापन नं. SusWA-०२/२०८०/८१, आवश्यक संख्या:- १(एक))

- कम्तीमा सिभिल ईन्जिनियरिङ विषयमा प्रविणता प्रमाण-पत्र/डिप्लोमा तह उत्तिर्ण गरि ३ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्बन्धित कार्य गरेको हुनु पर्ने ।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र क्षमता भएको
- AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।

ग) खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता (विज्ञापन नं. SusWA-०३/२०८०/८१, आवश्यक संख्या:- १(एक))

- कम्तीमा स्वास्थ्य वा सो सरहका विषयमा प्रविणता तह उतिर्ण गरि ५ बर्ष खानेपानी सरसफाई तथा स्वच्छता, सामुदायिक स्वास्थ्य र मर्यादित महिनाबारिका क्षेत्रमा कार्य गरेको हुनु पर्ने ।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।

घ). खानेपानी, सरसफाइ तथा स्वच्छता प्राविधिक - WASH Technician (विज्ञापन नं. SusWA-०४/२०८०/८१, आवश्यक संख्या:- ३ (तिन)

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था बाट इन्जिनियरिंग विषयमा TSLC हासिल गरेको वा मान्यता प्राप्त तालिम केन्द्र बाट कम्तिमा ३० दिनको ग्रामिण खानेपानी तथा सरसफाइ योजना निमार्ण सम्बन्धि तालिम लिएको।
- खानेपानी वा सरसफाइको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव र कम्तिमा ५ वटा ग्राविटी खानेपानी प्रणालीमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता र पानी गुणस्तर सम्बन्धि कार्यानुभव वा तालिम प्राप्त ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

रत्न बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

नौमुले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमुले, दैलेख
कर्णाली प्रदेश, नेपाल

ङ). सामाजिक परिचालक (Social Mobilizer) (विज्ञापन नं. SusWA-०५/२०८०/८१, आवश्यक संख्या:- ३ (तिन)

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था तथा विश्व विद्यालयबाट कम्तिमा प्रमाणपत्र तह उतिर्ण गरेको ।
- ग्रामिण परिवेशमा कम्तिमा दुइ वर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेको र कम्तिमा एक वर्ष खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा सामाजिक परिचालन सम्बन्धि तालिम लिएको ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

२. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

३. दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः खानेपानी सरसफाई तथा स्वच्छता संयोजकका लागि रु १,५०० ( एक हजार पाच सय मात्र), प्राविधिक सहजकर्ता र खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता लागि रु १,००० ( एक हजार मात्र), खानेपानी, सरसफाइ तथा स्वच्छता प्राविधिक र सामाजिक परिचालक लागि रु ५०० (पाच सय मात्र) दस्तुर गाउँपालिकाको **ए एम बि बैंक, नौमुले शाखा, दैलेख मा रहेको नौमुले गाउँपालिका आन्तरिक राजस्व खाता नं. १०४००७१७१२४०००७४** मा जम्मा गरेको सक्कल बैंक भौचर आवेदन साथ पेश गर्नु पर्ने छ ।

४. व्यक्तिगत विवरण ढाँचा पेश गर्नु पर्नेः आवेदकले व्यक्तिगत विवरण, नागरिकता नं., ठेगाना, शैक्षिक योग्यता, अनुभवको विवरण सहितको व्यक्तिगत विवरण ढाँचा तयार पारि आवेदन साथ पेश गर्नु पर्नेछ। आवेदन को ढांचा यसै सुचना साथ संलग्न गरिएको छ ।

५. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाण-पत्र, अनुभवका प्रमाण-पत्र, तालिम प्राप्त गरेका प्रमाण-पत्रका प्रतिलिपि।

६. छनौटको किसिमः योग्यता क्रमको प्रारम्भिक सुची, लिखित परिक्षा, कम्प्युटर परीक्षण र अन्तरवार्ता हुनेछ ।

७. विज्ञापन सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। **फोन नं ९८४६२६०३०४,**

इमेल-ito.naumulemun@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

रेशम बहादुर बुढ
प्रमुख प्रशासकीय अधिकृत